'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १४१ | विहिबार ०२ माघ, २०८१ | 16 (Thursday) January 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### जन्म र मृत्यु संस्कारमा सरकारी चामल सहयोग

## गरिब तथा विपन्न परिवारका लागि राहत अनुभव

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/०२



सरकारले साबिक कर्णाली अञ्चलका पाँच जिल्लाका बासिन्दाका लागि जन्म र मृत्यु संस्कारमा निःशुल्क रूपमा उपलब्ध गराउने खाद्यान्न त्यहाँका गरिब तथा विपन्न परिवारलाई निकै उपयोगी देखिएको छ । खाद्यान्न जोहो गर्न कठिन भएका बेला जन्म र मृत्यु संस्कारमा दिइने खाद्यान्न सहयोगले ती परिवारको तत्कालको गर्जो टर्ने गरेको छ। साबिक कर्णालीका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालीकोट जिल्लामा २०७३ सालदेखि जन्म र मृत्यु संस्कारका बेला २० केजी खाद्यान्न निःशुल्क दिइने व्यवस्था सरकारले मिलाएको थियो । चालु आवदेखि भने त्यसमा १० केजी थपेर ३० केजी दिन थालिएको छरु। जन्म र मृत्यु संस्कारका बेला सरकारले दिने खाद्यान्नले विपन्नलाई ऋण काढ्नुपर्ने बाध्यताको अन्त्य भएको सिमकोट गाउँपालिका-८ का पवन बुढाले बताए । बुढाले भने, 'गरिब र विपन्न परिवारका लागि जन्म र मृत्यु संस्कारका बेला सरकारले उपलब्ध गराउने खाद्यान्न निकै उपयोगी भएको छ । जन्ममा सुत्केरीलाई गाँस र मृत्युमा परिवारका सदस्यलाई मृत्यु संस्कारमा आवश्यक पर्ने चामल सहयोग गरेर सरकारले कर्णाली जनतालाई सरकार छ भन्ने अनुभूती गराएको छ । यस्तो अवस्थामा गरिबलाई ऋण काढ्नुपर्ने बाध्यता हटेको छ ।' खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका शाखा, डिपो र बिक्री केन्द्रबाट जन्म र मृत्युको समयमा ३० केजी खाद्यान्न उपलब्ध गराउने गरेको छ। आर्थिक वर्ष २०७८/७९ देखि २०८१ सालको पुस तेस्रो हप्तासम्म जन्म र मृत्युका लागि ३५० क्विन्टल खाद्यान्न सहयोग उपलब्ध गराइसकिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्ला शाखा प्रमुख कृष्णप्रसाद अधिकारीले जानकारी गराएका हुन । यो खाद्यान्न पाउनेमा ६० प्रतिशत जन्मका लागि र ४० प्रतिशत मृत्यु संस्कारका लागि वितरण भएको अधिकारीले बताए। सो खाद्यान्न लिन आउने परिवारलाई लिमिटेडले ढुवानीका लागि पाँच लाख ९५ हजार रुपियाँ नगद समेत प्रदान गरेको छ । ढुवानीका लागि दिने रकमको दर चामल दिन आउने केन्द्र वा डिपो देखिको दुरी हेरी पाँच सयदेखि एक हजार रुपियाँ सम्म खाद्यान्न पाउने परिवारलाई दिने गरिएको छ। खाद्यान्न लिन जाँदा ज्याला समेत सरकारले बेहोर्ने गरेको हो । डोल्पामा पनि जन्म र मृत्युमा दिने चामल राहत कार्यक्रम प्रभावकारी बन्दै गएको छ । सरकारले न्यून आयस्तर भएका र अति विपन्न परिवारका सदस्यलाई स्थानीय सरकारको सिफारिसमा निःशुल्क रूपमा चामल उपलब्ध गराउँदै आएको छ । चालु आर्थिक वर्षमा २० जनाले मात्र जन्म र मृत्युमा चामल लिएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड डोल्पाका अनुसार चालु आव २०८१/८२ मा जन्ममा सेवा लिनेको संख्या १८ र मृत्युमा सेवा लिनेको संख्या २ जना मात्र रहेको छ। कार्यालय प्रमुख विष्णु प्रसाद घिमिरेका अनुसार २०८१ भदौदेखि ३० किलो चामल वितरण गर्रिंदै आएको छ। यसअघि २० किलो दिने गरिएकोमा गत भदौबाट १० किलो बढाएर ३० किलो चामल जन्म र मृत्युमा दिइरहेका घिमिरेले बताए । त्यस्तै मुगु जिल्लाका सबै पालिकामा जन्म र मृत्यु संस्कारमा खाद्यान्न सहयोग लिएका छन् । यहाँका खत्याड गाउँपालिका, सोरु गाउँपालिका, मुगुमकार्मारोङ गाउँपालिका र छायानाथ रारा नगरपालिकामा आठ वर्षदेखि यो सहयोग निरन्तर चलिरहेको छ। ३० किलो चामलका साथै ढुवानी खर्चबापत एक हजार रुपियाँ दिने गरिएको छ। त्यस्तै कालीकोटमा पनि यस कार्यक्रमबाट दिइने चामल पोसिलो भएकाले मातृ तथा बाल मृत्युदरमा कमी ल्याउने अपेक्षा गरिएको छ ।

बाँकी ३ पेजमा...

## बाँकेमा चिसो बढेपछि जनजीवन कष्टकर

■ नमस्ते समचारदाता

बाँके, माघ/०२



बाँके सहित पश्चिम तराईमा चिसो बढेपछि यस क्षेत्रको जनजीवन निकै कष्टकर बनेको छ । बाँकेको नेपालगञ्ज, कोहलपुर, खजुरा जस्ता बजार क्षेत्रमा समेत मानिसहरुको सुनसान अवस्था छ। बजार तथा ग्रामिण क्षेत्रमा चिसोले जवस्थान जीवन कष्टकर बनेको हो । ती क्षेत्रमा बिहानैदेखि शीतलहर, बाक्लो हुस्सुले गर्दा चिसो बढेको छ । बाक्लो हुस्सुकै कारण मंगलबार र बुधबार नेपालगञ्जबाट हुने सबै हवाई सेवाका उडानहरु हुन सकेनन्। चिसोले बजार तथा सहरी क्षेत्रमा चहलपहल घटेको छ भने सडकमा सवारी साधन कम चलेका छन्। बाँकेमा बिहानै देखिनै शीतलहर चल्ने गरेको छ । हुस्सुले अत्यधिक चिसो भएको छ। चिसोले गर्दा घरभन्दा बाहिर निस्कन असहज मात्रै भएको छैन, मानिसहरु बिरामी समेत पर्न थालेका छन्। चिसोले दैनिक ज्यालादारी काम गर्नेहरु बढी मारमा परेका छन् । उनीहरू काममा जान पनि निकै समस्या परिरहेको छ । दुगडमा ज्यालादारी काम गर्न जाँने कोहलपुर रझेनाका दुखारे थारु भन्छन्, 'काम नगर्दा परिवार चलाउन मुस्किल पर्छ, केही दिन यस्तै चिसो रह्यो भने समस्या हुने देखिन्छ ।' दैनिक ज्यालादारी काम गर्न पहाड़ तथा भारतीय सीमावर्ती क्षेत्रबाट तराईका जिल्लामा सर्वसाधारण झर्ने गर्छन् । दिनभरि एकपटक पनि घाम नलाग्दा काममा जान सक्ने अवस्था नभएको अर्का मजदुर रामलखन धोबी बताउँछन्। धोबीले भने, 'घरभन्दा बाहिर जान सक्ने अवस्था भएन, त्यसैले घरमा आगो तापेर बसेको छु ।' चिसोबाट विशेषगरी विद्यार्थी, मजदुर, बालबालिका, गरिब असाहय, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् । चिसोकै कारण बिरामीसमेत बढेका छन् । चिसोसँगै दम, निमोनिया, रुघाखोकी, ज्वरो लगायत रोगका बिरामी बढेका हुन् । भेरी अस्पतालमा बालबालिका, वृद्धवृद्धा, मुटु, मिर्गौला, फोक्सो, मधुमेह तथा अन्य दीर्घरोगी चिसोले बढेको अस्पतालका सूचना अधिकारी डा संकेत रिसालले बताए । चिसोले गर्दा बालबालिका, दीर्घरोगीका बिरामीलाई निकै समस्या बनाएको छ। चिसोको कारण मानिसहरुमा ढाड दुख्ने, घुँडा तथा जोर्नीहरु दुख्ने समस्याहरु बढेको चिकित्सकहरु बताउँछन् ।

## महको बजारीकरणका लागि प्रदर्शनी मेला

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/०२




कर्णाली प्रदेशको राजधानी सुर्खेत स्थित वीरेन्द्रननगरमा "प्रथम प्रादेशिक मह प्रदर्शनी मेला-२०८१"को आयोजना गरिएको छ । कर्णाली प्रदेशका १० जिल्लामा उत्पादन गरिएको मह, अर्ग्यानिक खाद्य, पोषण कर्नर, अर्ग्यानिक तरकारी, महको गुणस्तर जाँच मेसिन, मौरीका घार, मह निकाल्ने प्रविधि, खाद्य केराको रेसबाट बनेका म्याट लगायत सामग्री प्रदर्शनमा राखिएका छन् । "स्वस्थ जीवन र पर्यावरणका लागि कृषि जैविक विविधता" भन्ने मूल नाराका सहित तेस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवस तथा प्रथम प्रादेशिक मह प्रदर्शनी मेला नेपाल मौरीपालन कृषक महासङ्घ कर्णाली प्रदेशको आयोजनामा मङ्गलबारदेखि सुरु भएको हो । यही माघ ३ गतेसम्म सञ्चालन हुने प्रादेशिक मह मेलाको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि, व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले शुभारम्भ गर्दै उत्पादनका हिसाबले अत्यन्तै पवित्र मानिने मौरीको मह प्रदर्शनी मेलाले कर्णालीको उत्पादन, मूल्य शृङ्खला, महत्व र यसको पहिचान देश विदेशमा पुग्ने बताएका छन् । मन्त्री शाहले मह उत्पादक किसानलाई नयाँ-नयाँ प्रविधि, ज्ञान, औजार सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको जानकारी गराए । नेपाल मौरीपालन कृषक महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष लीलाराम ढकालले मेलामा ३२ प्रदर्शनी कक्ष राखिएको जानकारी दिँदै यसबाट मह उत्पादक किसानलाई प्रोत्साहन हुने आशा व्यक्त गरे ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## राज्यका संरचना सबै पूँजीवादी नेताका गफ समाजवादी

नेपालमा कुनै पनि कम्युनिस्ट पार्टीले विद्यमान व्यवस्था फेर्ने कार्यक्रम ल्याएका छैनन्। अहिलेको जुन राजनीतिक आर्थिक व्यवस्था छ, यो पूँजीवादी हो । बन्न नसकेको पूँजीवादी अर्थात निम्नपूँजीवादी । समाज पछौटे भएकाले त्यो पूँजीवादमा पनि सामन्तवाद हाबी छ। नेताहरूको व्यवहार, संस्कार, चलन हेर्‍यो भने पूँजीवाद पाउनुहुन्न। त्यहाँ पूरै सामन्तवादी चिन्तन मात्रै पाक्स्न्छ। नातागोता, जातभात, धर्म सबै अपनाउने खालको छ। यसलाई कसैले दलाल पुँजीवाद भन्छन् । निम्नपूँजीवादी चिन्तनमा दलालपूँजीवाद नै हाबी हुन्छ जसले सामन्तवाद बोकिरहेको हुन्छ। पूँजीवादलाई फेर्ने र समाजवादी बनाउने कार्यक्रम नेपालका राजनीतिक दलहरुसँग छैन। नेताहरूले यथास्थितिमै कल्याणकारी राज्यको धारणाको भाषण गरिरहेका छन्। साँच्चिकै नेपाललाई संविधानमा लेखे अनुसारको समाजवाद उन्मुख राज्यव्यवस्था बनाउने हो भने नेपाली समाजलाई फेर्नु जरुरी छ । त्यसका निम्ति यहाँको शिक्षा, स्वास्थ्य, कृषिलाई समाजवादी बनाउनु पर्छ। हाल नेपालको शिक्षा व्यवस्था, स्वास्थ्य व्यवस्था, कृषिको व्यवस्था, औद्योगिक नीतिहरू यी केही पनि समाजवादी छैनन्। सार्वजनिक जग्गा पूँजीपतिलाई सुम्पिएका छन्। त्यहाँबाट कमिसन खाएका छन्। जुनसुकै क्षेत्रमा पनि बिचौलिया मार्फत सौदा भइराखेको छ। यस्तो सौदा गर्ने पार्टीहरू रहुन्जेल र तिनको संगठनात्मक सिद्धान्त नेताको मनलाग्दी हुने बेला सम्म समाजवाद त के पूँजीवाद पनि विकसित हुन सक्दैन। अर्थात यो निम्नपूँजीवादी समाज पनि राष्ट्रिय पूँजीवादमा रुपान्तरण हुन सक्दैन। साँच्ची नै हामीले यो समाजलाई फेर्ने हो र शिक्षा, स्वास्थ्य, कृषिलाई समाजवादी बनाउने हो भने त्यही अनुसार राजनीतिक दल बनाउनु पर्छ। तर नेपालका नेताहरु समाजवाद, साम्यवाद ल्याउने खालको कुरा गरिराखेका छन्। तपाई पार्टीमा लाग्नुहुन्छ भने कतिपय स्वतन्त्रता बलि चढाउनुपर्छ । पछि गएर बाध्यता बन्न जान्छ। उसलाई मान्न मन छैन। तर, मानेर बस्नुपरेको छ। अहिले विभिन्न पार्टीका नेता तथा कार्यकर्तालाई गएर व्यक्तिगत कुरा गर्नोस्। पूरै विरोधमा बोल्छ। तर, पार्टी छाड्दैन। किनकि, उसको अर्को विकल्प छैन। बानी पर्दै गएपछि दाम्लो पनि प्यारो हुन्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# भूकम्पीय जोखिम र सावधानी

**प्रेमबहादुर थापा**

हामी भूकम्पलाई रोक्न त सक्दैनौं तर त्यसबाट हुन सक्ने क्षतिलाई भने न्यूनीकरण गर्न सक्छौं । त्यसका लागि भूकम्पको पूर्वतयारी गर्नु पर्छ । भूकम्पका कारण हुने मृत्यु तथा घाइते भूकम्प स्वयम्ले गरेको नभई मानव निर्मित संरचनाले भएको हो । अत: प्राविधिकको सल्लाहमा सुरक्षित घर बनाउने, पुरानो घर मर्मतसम्भार तथा भवन निर्माण संहिताको पालना गर्नु पर्छ ।



प्रेमबहादुर थापा



भूकम्प (भुइँचालो) पृथ्वीमा लगातार आउन सक्ने नियमित प्रक्रिया वा प्राकृतिक विपत्ति हो। जमीनबाट करिब ८० देखि १०० किलोमिटर तलसम्मको पृथ्वीको माथिल्लो भाग धेरै टुक्रामा विभाजित छ। यी टुक्रालाई टेक्टोनिक प्लेट भनिन्छ। ती प्लेटहरू समुद्रमा डुङ्गा तैरिरहे जस्तो 'एस्थेनोस्फेएर' मा तैरिएर निश्चित दिशामा हिँडिरहेका हुन्छन् । हिँड्ने क्रममा कहिले एकअर्काबाट टाढा जाने र कहिले नजिक आएर ठोक्किन पुग्छन्। यसरी ठोक्किँदा, एक प्लेट अर्कोको मुनि घुस्दा वा घोटिने क्षेत्रमा दबाब सिर्जना हुँदा शक्ति सञ्चय हुँदै जान्छ। यस्तो शक्ति केही समयदेखि वर्षौंसम्म सञ्चित भएर रहन्छ। त्यो शक्ति जब उक्त क्षेत्रमा रहेको चट्टानले थेग्ने क्षमताभन्दा बढी हुन्छ, तब पृथ्वीको माथिल्लो तहमा रहेका चट्टानसमेत फोरेर सबै ऊर्जा एकैचोटि बाहिर निस्कँदा कम्पन आउने गर्छ सोही कम्पन नै भूकम्प हो । टेक्टोनिक प्लेटहरूको सिमाना जहाँ जहाँ पर्छ ती क्षेत्रमा भूकम्प आउने गर्छ। अतः भूकम्प भू गर्भीय गडबडीबाट आउने पृथ्वीको कम्पन हो । यो कम्पनलाई रेक्टर स्केलमा नापिन्छ । भूकम्प नाप्ने यन्त्रलाई सिस्मोमिटर भनिन्छ । भूकम्प दुई तरिकाले मापन हुन्छ, त्यो हो रेक्टर स्केल र अर्को इन्टेन्सिटी। स्केलको विकास भइसकेपछि इन्टेन्सिटीको प्रयोग कम हुन थालेको छ। स्केलले भूकम्पको क्षमता नाप्छ। इन्टेन्सिटीले क्षतिको मापन गरेर मात्र कत्रो भूकम्प आएको हो भन्ने अनुमान गर्छ। रेक्टर स्केलमा ० देखि १० सम्मको भूकम्पको मापन हुन्छ । आठ रेक्टर स्केलभन्दा धेरै परिमाणका भूकम्पलाई ठुला र त्यसभन्दा साना छ सम्मकालाई मझौला र छ रेक्टर स्केलभन्दा साना चार रेक्टर स्केलसम्मकालाई साना भूकम्प भनिन्छ। अधिकांश विध्वंसात्मक भूकम्प भौगर्भिक चिरामा चट्टान चर्की पारस्परिक विस्थापन भएर हुन जान्छ। भूकम्प लम्बीय र क्षितिजीय मार्गबाट जान्छ । भूकम्पमा तीन किसिमका तरङ्ग उठ्छन्। पहिलो, पि-वेभ (ध्वनि तरङ्ग) सुरुमा निस्कन्छ र यसले कुनै हानिनोक्सानी गर्दैन । दोस्रो, एस-वेभ (जमिन तल माथि गरेर आउने तरङ्ग) र तेस्रो, सतही तरङ्गले नोक्सानी गर्छ । सतही तरङ्ग पनि दुई किसिमका हुन्छन्। ती हुन् : जमिनको माथिल्लो पत्र दायाँबायाँ हल्लिने तरङ्ग (लभ वेभ) र माथिल्लो पत्र घुमेर हल्लिने तरङ्ग (रेलेज वेभ)। यी तरङ्गले गर्दा जमिनमा अति खतरनाक कम्पन उत्पन्न हुन्छ । भूकम्म उत्पन्न भएको केन्द्रविन्दु (इपिसेन्टर) को दुरी अनुसार यी तरङ्गको आगमन समय पनि फरक फरक हुन्छ। सामान्य खालको भूकम्प नियमित जसो कहीँ न कहीँ गइरहेको हुन्छ । तिनको हामीले महसुस गर्न सक्दैनौँ । जसको मापन पनि गरिँदैन। पाँच रेक्टर स्केलभन्दा माथिको भूकम्प गएको थाहा पाइन्छ र त्यसले क्षति पुर्‍याउँछ । भूकम्पले सधैँ र सबै स्थानमा एकै किसिमको क्षति गर्दैन। सन् १९६० मा चिलीमा गएको भूकम्प विश्वमा हालसम्मकै सर्वाधिक ठुलो हो भने तर जनधनको क्षतिका हिसाबले सन् २०१० मा हैटीमा गएको भूकम्प हालसम्मकै विनाशकारी बनेको छ।

**विश्वका शक्तिशाली भूकम्प**

चिलीमा सन् १९६० मे २२ तारिखमा गएको ९.५ रेक्टर स्केलको भूकम्प हालसम्मकै सर्वाधिक ठुलो मानिएको छ। सो कम्पनको प्रत्यक्ष असरबाट १७ सय मानिसको मृत्यु भएकोमा त्यसको कारणले उठेको सुनामी छालमा परी २० लाख मानिसको ज्यान गएको थियो । यस्तै सन् १९६४ मार्च २७ मा अलस्कामा ९.२ रेक्टर स्केलको भूकम्प गएको थियो तर त्यति शक्तिशाली भूकम्प जाँदा पनि मानवीय क्षति न्यून अर्थात् १५० जना मानिसको मृत्यु भएको थियो। अलस्कामा सन् १९६५ अप्रिल ९ मा पनि ८.७ रेक्टर स्केलको भूकम्प गएको थियो। त्यसबाट पाँच मिलियन डलर बराबरको भौतिक संरचना नोक्सान भयो। विशेष सावधानी अपनाइएकाले त्यसमा एक जना मानिस मर्नु त के, घाइतेसम्म पनि भएनन् । इन्डोनेसियामा सन् २००४ डिसेम्बर २६ मा ९.१ रेक्टर स्केलको भूकम्प गएको थियो । सो कम्पनमा प्रत्यक्ष रूपमा चार हजार मानिसको ज्यान गएको थियो तर समुद्रको किनारमा केन्द्रविन्दु भएकोले भूकम्पपश्चात् उत्पन्न सुनामीले थप दुई लाख २४ हजार ८८९ मानिसको ज्यान गयो र उक्त सुनामीले एसिया मात्र होइन, अफ्रिकासम्म हानेको थियो। यसै गरी सन् १९५२ नोभेम्बर ४ मा रसियाको कामचट्कामा नौ रेक्टर स्केलको भूकम्प गएको थियो । अर्बौं मूल्य बराबरको क्षति त भयो तर विशेष सावधानी अपनाइएकाले त्यहाँ मानवीय क्षति भएन । जापानको सेन्डाइमा सन् २०११ मार्च ११ मा गएको ८.९ रेक्टर स्केलको भूकम्पलाई क्षतिको हिसाबले चौथो ठुलो मानिएको छ। सो भूकम्पका कारण १५ हजार ८९१ मानिसको मृत्यु भएको थियो। सुनामीका कारण परमाणु केन्द्रमा ठुलो दुर्घटना भयो । बारम्बार आइरहने भूकम्पीय स्थान भएकाले जापानीहरू भूकम्पले नढलाउने किसिमका घर बनाएका त छन् तर प्रशस्त जमिन नभएको समुद्री क्षेत्र बढी भएको जापानमा भूकम्पपछि आउने सुनामीले धेरै क्षति पुर्‍याउँदै आएको छ। यस्तै हैटीमा सन् २०१० जनवरी १२ मा सात रेक्टर स्केलको भूकम्प गएको थियो, जसका कारण दुई लाख २० हजार मानिसको मृत्यु, तीन लाख घाइते र ३५ लाख प्रभावित भएका थिए। संयुक्त राष्ट्र सङ्घको हेडक्वार्टर, अधिकांश सरकारी भवन, निजी घरहरू गरी एक लाख ८८ हजार ३८३ भन्दा बढी भौतिक संरचना ध्वस्त भएका थिए। भूकम्पले ७० खर्ब अमेरिकी डलर बराबरको क्षति भएको अनुमान गरिएको थियो । भूकम्पपछि फैलिएको हैजाबाट नौ हजार मानिसको ज्यान गएको थियो। जनधनको क्षतिको हिसाबले विश्वको भूकम्पीय इतिहासमा हैटीको सो भूकम्प नै सबैभन्दा भयानक र पीडाजनक रहेको छ। नेपालमा विसं १९९० माघ २ गते सङ्खुवासभाको चैनपुर केन्द्रविन्दु भएर ८.४ रेक्टर स्केलको भूकम्प गएको थियो। सो भूकम्पमा परी आठ हजार ५१९ मानिसको ज्यान गएको थियो भने दुई लाख सात हजार ४० भौतिक संरचना भत्किएका थिए। २०७२ वैशाख १२ मा ७.८ रेक्टर स्केलको अर्को भूकम्प जाँदा ठुलो भौतिक तथा मानवीय क्षति बेहोरिएको नेपालमा एक दशकसम्म पनि पर्याप्त सावधानीको अभ्यास नहुँदा गत वर्ष जाजरकोटमा गएको ६.४ रेक्टर स्केलको भूकम्पबाट ठुलो भौतिक तथा मानवीय क्षति बेहोर्नु परेको थियो । समुद्र तटीय देशमा ठुलो परिणामका भूकम्प जाँदा त्यसको कारणले आउने सुनामीबाट ठुलो नोक्सानी हुने गर्छ । धन्न नेपाल भूपरिवेष्टित मुलुक भएकोमा भूकम्पसँगै आउन सक्ने सुनामी छालबाट बच्ने गरेको छ।

**सावधानीले क्षति न्यूनीकरण**

हामी भूकम्पलाई रोक्न त सक्दैनौँ तर त्यसबाट हुन सक्ने क्षतिलाई भने न्यूनीकरण गर्न सक्छौँ । त्यसका लागि भूकम्पको पूर्वतयारी गर्नु पर्छ । भूकम्पका कारण हुने मृत्यु तथा घाइते भूकम्प स्वयम्ले गरेको नभई मानव निर्मित संरचनाले भएको हो । अतः प्राविधिकको सल्लाहमा सुरक्षित घर बनाउने, पुरानो घर मर्मतसम्भार तथा भवन निर्माण संहिताको पालना गर्नु पर्छ । भूकम्पपछि सङ्कटको स्थितिमा प्रयोग गर्ने सामग्रीको पहिले नै तयारी गर्नु पर्छ । भूकम्पको बेलामा टपक्क टिपेर सुरक्षित स्थानमा जान मिल्ने गरी आकस्मिक सामान राखेर एउटा झोलाको सदैव तयारी गरौँ। भूकम्पको बेला हुन सक्ने सुरक्षित स्थानबारे परिवारका सदस्यबिच सल्लाह गर्नु पर्छ । भूकम्पको बेला नआत्तिने, घर को भित्री भागको ढोकाको बिचमा अथवा बलियो पिलरको सहायतामा उभिएर बस्ने वा बलियो टेबल, डेस्क, खाटमुनि छिर्ने र सम्भव भएसम्म बाहिर खुला ठाउँमा सुरक्षित किसिमले जानु पर्छ । सवारीसाधन चलाइरहेको अवस्थामा भए सुरक्षित स्थानतर्फ लगेर रोक्ने र भूकम्प गइन्जेल गाडीभित्र नै बस्ने र रोकिनासाथ सुरक्षाको स्थिति हेरेर मात्र घरको सदुपयोग गर्नु पर्छ । सम्भव भएसम्म आवश्यक परेकालाई उद्धार र प्राथमिक उपचार गर्ने । भूकम्पको धक्का फेरि पनि आउन सक्ने हुँदा सोको बारेमा सचेत रहने, ग्यास, बिजुलीको मेन स्वीच बन्द गर्ने, खबर, समाचार वा विशेष निर्देशन थाहा पाउन सञ्चार माध्यमको प्रयोग गर्ने साथै साझा भावना राखेर सहयोग लिनेदिने गर्नु पर्छ। विगतमा गएका भूकम्पबाट पाठ सिकेर आचारसहिंता अनुसार संरचना बनाउने र यसमा सरकारको प्रभावकारी विकास नीति, पालना र साथ सहयोग हुनु पर्छ।

*–गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

जनहितमा जारी सन्देश


- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# हत्या अभियोग लागेका एकजना १४ वर्षपछि पक्राउ

■ नमस्ते समचारदाता
बाँके, माघ/०२

हत्या अभियोगमा बाँके जिल्ला अदालतबाट कैद सजाय पाएका एक जनालाई बाँके प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय कोहलपुरले हत्या मुद्दामा सर्वस्वसहित जन्मकैदको फैसला तोकिएका फरार अभियुक्तलाई १४ वर्षपछि पक्राउ गरेको हो । वाविक महादेवपुरी गाविस वडा नं ५ हाल राप्तीसोनारी गाउँपालिका



वडा नं ९ ढकेरी बस्ने वर्ष ३० का अभियुक्त धनबहादुर थारुले २०६७ साल असार ३२ गते बाँके कोहलपुर नगरपालिका वडा नं ६ बस्ने टेकबहादुर डाँगीको छोरा पूर्ण बहादुर डाँगीलाई धारिलो हतियार प्रहार गरी हत्या गरेर फरार थिए। बाँके जिल्ला अदालतको मिति २०७३ पुस १८ गतेको फौसलाले कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैद सजाय तोकिएका राप्तिसोनारी गापा वडा नं. ९ बस्ने वर्ष ३० का धनबहादुर थारुलाई बुधबार पक्राउ गरिएको प्रहरीले जनाएको छ। १४ वर्ष ६ महिनादेखि फरार उनलाई इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले पक्राउ गर्न सफल भएको हो।

## गरिब...

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय कालीकोटका अनुसार कर्णाली क्षेत्रमा मातृ मृत्युदर कम गर्न ३० किलो पोसिलो चामल दिने गरिएको छ। दुर्गम गाउँपालिकाका नागरिकलाई चामल लिन आउँदा यातायात खर्च धेरै हुने भएकाले सरकारले ढुवानी खर्चसमेत उपलब्ध गराएको हो । भाडासमेत दिने गरिएपछि चामल लिन आउनेको संख्या पनि बढेको छ । आव २०८०/८१ मा कालीकोटबाट जन्म र मृत्युका लागि एक हजार तीन सय जनाले २० किलोका दरले चामल लगेका थिए। त्यस्तै चालु आव २०८१/८२ को पुससम्मको तथ्याङ्कले अनुदानको प्रभावकारितामा निरन्तर वृद्धि भएको देखाइरहेको खाद्य संस्थान कालीकोटका सूचना अधिकारी विष्टको भनाइ छ। जुम्लामा चालु आर्थिक वर्षमा १८९ जनाले जन्म र मृत्यु संस्कारमा चामल लिएका छन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जुम्लाले चालु आव २०८१/८२ मा जन्ममा सेवा लिनेको संख्या १६४ र मृत्युमा सेवा लिने २५ परिवार रहेको जनाएको छ। कार्यालय प्रमुख मनोज जोशीका अनुसार यस वर्ष साउनदेखि ३० किलो वितरण गर्रिंदै आएको छ। यस अवधिमा २ लाख ९८ हजार ९५० रुपियाँको चामल वितरण गरिएको छ भने ८५ हजार पाँच सय रुपियाँ भाडा रकमसमेत दिइएको छ।

# Himali Rural Municipality
# Office of the Municipal Executive
*Dhulachaur , Bajura*

## Invitation for Bids

**First Date of Publication: - 2081/10/02 BS, 2025/01/15 AD**

1. **Himali Rural municipality Dhulachaur, Bajura** invites only electronic bids from eligible bidders for the construction of following **works** under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project excluding VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/WORKS/03/2081/82 | Saghuchaur Electrical Structure, Landslide Control and Estuary Embankment Construction Work | 54,94,530.50 | 1,50,000.00 | 3000.00 | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2081/11/02 ( 14th Feb. 2025) | 12:00 Hrs |
| Opening of Bid | Up to 2081/11/02 ( 14th Feb. 2025) | 14:00 Hrs |

3. Information to deposit the cost of bid document & Bid Security Amount:
   Name of the Bank: Sanima Bank, Dhulachaur, Bajura
   Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura
   Account no.:**074010040000007** (For Bid Document Price)
   Account no:**074010020000009** (For Bid Security Amount)
4. Pre-bid meeting shall be held at Himali Rural Municipality, Dhulachaur, Bajura at **2081/10/23 (05 February 2025)** at **13:00** hrs.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should submit their bids: "by electronic only". Bids received after **2081/11/02 (14th February 2025) 12:00** deadline will be rejected.
6. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 including latest amendment as well and Public Procurement Regulation 2064.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.
10. Bidder should compulsory submit the work schedule and Site Visit Report along with the Bid Document.
11. For all other details, please refer to the complete set of bidding documents at Himali Rural Municipality, Dhulachaur, Bajura.

Chief Administrative Officer

# लुम्बिनीमा माघ पर्व उत्सव

■ नमस्ते समचारदाता
बाँके, माघ/०२



लुम्बिनी प्रदेश सरकारले माघे संक्रान्ति तथा माघ पर्वको अवसरमा "माघ मिलन कार्यक्रम" भव्य रूपमा सम्पन्न गरेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजना रहेको यो कार्यक्रमले थारु, मगर, नेवार लगायतका समुदायको सांस्कृतिक पहिचान झल्काउने झाँकीहरू प्रस्तुत गर्नुका साथै रैथाने खानाको प्रवर्द्धनमा विशेष ध्यान दिएको थियो। ढिक्रि, खरिया, बरिया, फुलौरी लगायत थारु समुदायका परिकारहरू विशेष आकर्षण बनेका थिए। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले कार्यक्रममा उद्घाटन गर्दै मौलिक कला र संस्कृतिको संरक्षण तथा त्यसलाई आर्थिक आयआर्जनसँग जोड्ने प्रदेश सरकारको योजना सुनाए। "माघे संक्रान्ति तथा माघ साझा पर्व हो, जसले लुम्बिनी प्रदेशमा भावनात्मक सम्बन्ध बलियो बनाउन र थप एकता कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ," मुख्यमन्त्री आचार्यले भने। "मौलिक कला र संस्कृतिलाई केवल पर्वमा सीमित नगरी अन्य दिनमा पनि संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ। यसलाई पर्यटनसँग जोडेर आर्थिक सशक्तिकरणको माध्यम बनाउन प्रदेश सरकारले होमस्टे सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छ," उनले भने। मुख्यमन्त्रीले थारु तथा मगर समुदायको कला संस्कृतिलाई संरक्षण गर्दै सिप हस्तान्तरण मार्फत होमस्टे सञ्चालनमा प्रोत्साहन दिने योजना सुनाए। उनले समुदायको आर्थिक सशक्तिकरण विना समृद्धि र विकासको चाहना पूरा नहुने बताउँदै कला-संस्कृतिलाई आर्थिक गतिविधिसँग जोड्नुपर्ने आवश्यकता औंल्याए।

**आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड**

प्रदेशको विविध सांस्कृतिक र भौगोलिक विशेषता आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न महत्वपूर्ण भएकाले यसको प्रचारप्रसारमा जोड दिनुपर्ने मुख्यमन्त्री आचार्यको धारणा थियो। प्रदेश स्थापना भएदेखि माघ पर्वलाई विशेष महत्व दिँदै भव्य रूपमा आयोजना गर्दै आएको पनि उहनले जानकारी दिए। कार्यक्रमका अध्यक्ष तथा आन्तरिक मामिला तथा कानून मन्त्री आदेशकुमार अग्रवालले माघ पर्वले प्रदेशका विविध समुदायलाई एकता र सहकार्यमा जोडेको बताए। सभामुख तुलाराम घर्तीमगरले कार्यक्रमलाई सम्बोधन गर्दै माघे संक्रान्तिले मौलिक कला र संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको बताए। "पहिचानको संरक्षणका लागि सभ्यता बचाउन जरुरी छ। यसमा प्रदेश सरकारको योगदान महत्वपूर्ण छ," उनले भने।

**सांसदहरूको सहभागिता**

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारुले माघ पर्वले समुदायहरूबीच भावनात्मक सम्बन्ध बलियो बनाएको बताए। "मौलिक सांस्कृतिक गतिविधिले समुदायमा खुशी र उत्सवको भावना जगाएको छ। अब यसलाई आर्थिक गतिविधिसँग जोड्नुपर्ने आवश्यकता छ," उनले भने। प्रदेशसभा सदस्य निमा गिरीले मौलिक कला संस्कृतिको प्रवर्द्धन सबैको साझा मुद्दा भएको बताइन्। कार्यक्रमका अन्य सहभागीहरूले पनि प्रदेश सरकारले लुम्बिनीको सांस्कृतिक विविधतालाई बचाउन गरेको प्रयासको प्रशंसा गरे। आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रेखा कँडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको सुरुआत गर्नुभएको थियो। वरिष्ठ शाखा अधिकृत गंगाधर पाण्डेले कार्यक्रमको सहजीकरण गरेका थिए। प्रदेश सरकारले माघ पर्वलाई सम्मान गर्दै प्रदेशभर सार्वजनिक बिदा समेत घोषणा गरेको थियो। यसले समुदायको सहभागिता अझ उत्साहजनक बनाएको देखियो। यस कार्यक्रमले प्रदेशको सांस्कृतिक पहिचानलाई सशक्त बनाउनुका साथै आन्तरिक पर्यटन र आर्थिक गतिविधिलाई थप प्रेरणा दिने विश्वास गरिएको छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

# झस्काइरहन्छ भूकम्पले टेर्दैनन् स्थानीय

नमस्ते समचारदाता

सल्यान, माघ/०२



विज्ञहरूले ठुलो भूकम्पको जोखिम रहेको सम्भावना देखाइरहेको अनि पटकपटक भूकम्पका धक्काले झस्काइ रहेको भए पनि सल्यानमा निर्माण भइरहेका भवनले भूकम्प प्रतिरोधी मापदण्ड पालनामा बेवास्ता गरिरहेका छन् । कमजोर निर्माण सामग्री प्रयोग र निर्माण प्रक्रियामा प्राविधिक सल्लाह अभाव हुँदा भूकम्पीय जोखिम अझ बढाएको स्थानीयले गुनासो गरेका छन् । यहाँ रहेका १० स्थानीय तहका निर्माण भइरहेका घर प्राविधिकको सल्लाहविनै निर्माण हुने गरेको पाइएको छ । सल्यानको दार्मा गाउँपालिका भूकम्पले प्रभावित क्षेत्र हो । पछिल्लो पटक भूकम्पबाट दार्मा गाउँपालिकामा चार हजार ८० जना सर्वसाधारणको घरमा क्षति पुगेको थियो । साथै ३६ विद्यालय, नौ स्वास्थ्य संस्था, दुई वटा वडा कार्यालय, १२ वटा खानेपानी, सिँचाइ र सडक गरी ५९ वटा सार्वजनिक संरचनामा आंशिक क्षति पुगेको थियो । यहाँ पनि नयाँ भवन बनाउँदा स्थानीयले भवन निर्माणसंहिता पालना गरेको पाइएको छैन । दार्मा गाउँपालिका-३ का अध्यक्ष प्रेम केसीले स्थानीय तहले भूकम्पको जोखिम न्यूनीकरणका लागि भवन निर्माणसंहिता पालना गर्न आह्वान गरेको भए पनि कार्यान्वयनमा चुनौती रहेको बताउनुभयो । ग्रामीण र सहरी क्षेत्रमा हालै निर्माण भइरहेका सरकारी र निजी भवनले नेपाल सरकारद्वारा तोकिएको भूकम्प प्रतिरोधी निर्माण मापदण्ड पालना नगरेको पाइएको हो । भवन निर्माण भइरहेको भए पनि मापदण्ड पालना भएको छैन । शारदा नगरपालिका-१ का वीरबहादुर सेजवालले भन्नुभयो, "बर्सेनि भवन निर्माण भइरहेका छन् तर मापदण्ड उल्लङ्घन भइरहेको छ । भवन निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग, भवनको उचाइ र चौडाइको अनुपात सन्तुलित नभएको देखिन्छ ।" कुमाख गाउँपालिका-६ का नवराज शर्मा भन्नुहुन्छ, "गाउँघरमा नयाँ घर बनाउँदा प्राविधिक सल्लाह र मापदण्डबारे जानकारी छैन । सरकारले अनुगमन गरेर हामीलाई सहयोग गर्नुपर्‍यो ।" वनगाड कुपिण्डे नगरपालिका-११ का अध्यक्ष वीरबहादुर बुढाले वडाभित्र बन्ने नयाँ घर मापदण्डविपरीत निर्माण भइरहेको बताउनुभयो । उहाँका अनुसार घर बनिरहेका छन् । नगरपालिकाले भवन निर्माणसंहिता पालना गर्न आह्वान गरे पनि घर बनाउनेले निर्माण प्रक्रियामा प्राविधिक इन्जिनियरको परामर्श लिएका छैनन् । भवन निर्माण अनुगमन गर्न स्थानीय निकाय र सम्बन्धित विभागले प्रभावकारी कदम चालेका छैनन् । कानुनी कारबाही अभावले मापदण्ड उल्लङ्घनलाई थप प्रोत्साहन दिएको छ । शारदा नगरपालिका-१ का नवीन भडेलले स्थानीय तहले विपत् पूर्व तयारीस्वरूप संहिता पालनालाई कडाइ गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "भूकम्प प्रतिरोधी भवन निर्माण अभियान सबैका लागि आवश्यक छ । सरकारले यसमा ध्यान दिएन भने भविष्यमा ठुलो क्षति हुन सक्छ ।" भौगोलिक विकटता, दक्ष जनशक्ति अभाव, जनचेतना अभाव जस्ता कारणले संहिताको पूर्ण पालना गर्न चुनौती भए पनि सरकारी भवन र नयाँ भवन बनाउँदा नक्सा पास, पुरानाको अभिलेख अनिवार्य गरिएको शारदा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले बताउनुभयो । उहाँका अनुसार अहिले समुदायस्तरमा सचेतना र कानुनी व्यवस्था कार्यान्वयलाई एकैसाथ अघि बढाउन थालिएको छ । विज्ञहरूले पश्चिम नेपाल भूकम्पीय जोखिमको क्षेत्रमा पर्ने र यहाँ निर्माण गरिएका भवनले मापदण्ड नअपनाउँदा भविष्यमा ठुलो मानवीय र भौतिक क्षति हुन सक्ने चेतावनी दिँदै आएका छन् । सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेतका निमित्त प्रमुख कमल दर्लामी मगर विपत् जोखिम न्यूनीकरण गर्न स्थानीय तहले तत्काल कदम चाल्न आवश्यक भएको बताउनुहुन्छ । त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिमबहादुर रावतले जनचेतना र अनुगमनलाई प्राथमिकता दिएर भूकम्प प्रतिरोधी भवन निर्माणबारे सचेतना फैलाउन समुदायस्तरमा काम गरिरहेको बताउनुभयो । उहाँका अनुसार अघिल्ला वर्षहरूमा खासै ध्यान नदिए पनि चालु आर्थिक वर्षमा कर्मचारी र जनप्रतिनिधिलाई भवन निर्माणसंहिताबारे अभिमुखीकरण गरिएको छ । यसलाई समुदाय स्तरमै विस्तार गरिने छ ।

# 'भिजिबिलिटी' कमजोर हुँदा आन्तरिक हवाई उडान प्रभावित

नमस्ते समचारदाता

नेपालगन्ज, माघ/०२



बाक्लो शीतलहर तथा कुहिरोका कारण भिजिबिलिटी अत्यन्त कम हुँदा नेपालगन्जबाट हुँदै आएका हवाई उडान दुई दिनदेखि बन्द भएको छ । मङ्गलबार बिहानैबाट चलेको शीतलहर तथा हुस्सु कुहिरोका कारण भिजिबिलिटी नपुग्दा मङ्गलबार कुनै पनि हवाई उडान हुन सकेन भने आज (बुधबार) पनि विमानस्थल बन्द रहेको नेपाल नागरिक उडयन प्राधिकरण नेपालगन्जले जनाएको छ । यो समाचार तयार पार्दासम्म बुधबार बिहान एक हजार भिजिबिलिटी भएकाले श्री एयरलाइन्सले मात्र उडन भरेको छ । नेपालगन्ज विमानस्थलको टावरले दिएको जानकारी अनुसार जहाज उडाउन एक हजार भिजिबिलिटी हुनुपर्ने र जहाज उतार्नका लागि एक हजार ६०० भिजिबिलिटी हुनुपर्नेमा मङ्गलबार पाँच सयभन्दा बढी भिजिबिलेटी नभएकाले कुनै पनि उडान हुन नसकेको हो । तर, जहाज आउनका लागि एक हजार ६०० भिजिबिलिटी आवश्यक पर्ने हुँदा त्यति नपुगेसम्म कुनै पनि जहाज नआउने टावरले जनाएको छ । यसैगरी, पहाडी जिल्लामा हुने उडानहरु बुधबार पनि सबै बन्द छन् । नेपालगन्जबाट काठमाडौंका लागि श्री एयर लाइन्सले चार, बुद्ध एयरलाइन्सले चार र यति एयरलाइन्सले दुईवटा नियमित उडान दैनिक गर्दै आएको थियो । भिजिबिलिटी कम भएका कारण दुई दिन देखि उडान हुन नसकेको सो कार्यालयले जनाएको छ । सोही प्रकारले नेपालगन्जबाट पहाडी जिल्लाहरुमा बिहान हुने गरेका उडानहरू पनि मङ्गलबारदेखि नै हुन नसकेको जनाइएको छ । दुई दिनदेखि हवाई उडान नहुँदा नेपालगन्ज विमानस्थलबाट काठमाडौं र पहाडी जिल्लामा यात्रा गर्न टिकट लिएर बस्नु भएका यात्रुहरुलाई ठुलो समस्या भएको आरएस ट्राभल्सका सञ्चालक रवि गिरीले बताउनुभयो ।

# बस र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु

नमस्ते समचारदाता

बाँके, माघ/०२



बाँकेमा बस र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटर साइकलमा सवार दुई जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका अनुसार जिल्लास्थित राप्तीसोनारी-७ फत्तेपुर सर्रामा मङ्गलबार साँझ सात बजेतिर नरैनापुरबाट नेपालगन्ज जाँदै गरेको भे १ ख ३७७४ नम्बरको बस र फत्तेपुर बाट नेपालगन्जतिर आइरहेको भे ६ प ८८३६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँएको थियो । बसमा मोटरसाइकल ठोक्किँएर गम्भीर घाइते भएका मोटरसाइकल चालक राप्तीसोनारी-७ फत्तेपुर सर्राका २७ वर्षीय दिलबहादुर थारु र सोही मोटरसाइकलमा पछाडि सवार सोही स्थानकै २३ वर्षीय राजेश थारुको उपचारका क्रममा नेपालगन्जमा मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय बाँकेका निमित्त प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक नन्द प्रसाद पोखरेलले बताउनुभयो । उहाँका अनुसार बस चालक फरार भएका थिए । ठक्कर दिने बसलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसअघि दुई दिन पहिले पनि बाँकेको कुसुमनजिक ट्र्याङ्कर र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटर साइकलमा सवार कैलालीका दुई जनाको मृत्यु भएको थियो । तीव्र गतिका कारण दुर्घटना वृद्धि भएको जनाउँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले मौसम र गतिलाई ध्यानमा दिएर सवारी साधन चलाउन सबैसँग अनुरोध गरको छ ।

# बयासी विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून

नमस्ते समचारदाता

हुम्ला, माघ/०२



हिमाली जिल्ला हुम्लाका सात वटा गाउँपालिकाका ८२ वटा विद्यालयमा एक सयभन्दा कम विद्यार्थी अध्ययन गर्दै आएका छन् । भूगोल ठुलो र एक बस्तीबाट अर्को बस्तीमा पुग्न निकै समय लाग्ने भएका कारण बस्तीपिच्छे विद्यालय सञ्चालन गरिँदा यस्तो अवस्था आएको हो । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख योगेश आले मगरले पछिल्लो विवरण अनुसार जिल्लामा सञ्चालनमा रहेका विद्यालयमध्ये ८२ वटा विद्यालयमा एक सयभन्दा कम विद्यार्थी अध्ययन गर्दै आएका छन् । हुम्लामा १४५ सामुदायिक, एउटा धार्मिक र पाँच वटा संस्थागत गरी कुल १५१ वटा विद्यालय रहेका छन् । उहाँका अनुसार यसरी एक सयभन्दा कम विद्यार्थीले अध्ययन गर्दै आएका विद्यालयमा नाम्खामा १३, सिमकोटमा १०, खार्पुनाथमा नौ, सर्केगाडमा १८, चंखेली १७, अदानचुलीमा सात र ताँजाकोट गाउँपालिकामा आठ वटा विद्यालय रहेका छन् । गाउँपालिकाका अनुसार संख्यात्मक हिसाबले नाम्खामा १४, सिमकोटमा २५, खार्पुनाथमा १७, सर्केगाडमा ३३, चंखेलीमा २४, अदानचुलीमा २० र ताँजाकोट गाउँपालिकामा १७ वटा विद्यालय रहेका छन् । जिल्लामा रहेका ५४ प्रतिशत विद्यालयमा एक सयभन्दा कम विद्यार्थीले अध्ययन गर्दै आएको उहाँले बताउनुभयो । न्यून विद्यार्थी संख्या रहेका विद्यालयमा अधिकांश बालविकासदेखि कक्षा ८ सम्म छन् । पछिल्लो समय गाउँपालिका केन्द्र, सदरमुकाम र जिल्लाबाहिर अध्ययन गर्न जाने विद्यार्थीको संख्या बढेपछि दूरदराजका विद्यालयमा अध्ययन गर्ने विद्यार्थी कम हुँदै गएको पाइएको उहाँको भनाइ छ । यसबिचमा नाम्खा गाउँपालिकामा दुई र सिमकोट गाउँपालिकामा एउटा विद्यालय विद्यार्थी नै नभएपछि बन्द भइसकेका छन् । जिल्लामा कुल १७ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्दै आएका छन् । यस्तै जिल्लाका सात वटा विद्यालयमा १३ जना विद्यार्थी मात्र पढ्ने गरेको एकाइ प्रमुख आलेमगरले बताउनुभयो । नाम्खा गाउँपालिकाका खुपानी आविमा चार जना, नमोबुद्ध आविमा छ जना, सिमकोट गाउँपालिकाका महाकालमा १० जना, जनज्योतिमा १३ जना, सर्किदेउ आविमा ११ जना र सर्केगाड गाउँपालिकाको जनप्रेमी आविमा १२ जना विद्यार्थी मात्र पढ्दै आएका छन् ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरू गाउँपालिका
मुगु

गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

खार्पुनाथ गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके